आज मिति २०७६/०९/२४ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |
| २१ | श्री कृष्ण प्रसाद पाण्डे | सदस्य - सचिव | बुद्धभूमि न.पा. | |

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| २२ | श्री लिल बहादुर राउत क्षेत्री | शिक्षा शाखा प्रमुख | बुद्धभूमी न.पा. | |
| २३ | श्री राजन कुमार पोखरेल | प्रशासन शाखा प्रमुख | बुद्धभूमी न.पा. | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# मिति: २०७६।०९।२४ गतेको बुद्धभूमी नगरकार्यपालिका बैठकको निर्णयहरु :

**प्रस्ताव नं. १ : बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन २०७६, सम्बन्धमा।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भै रहेका विद्यालय तथा शैक्षिक निकायहरूको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२को धारा २२१, अनुसूची ८ को सूची नं. (८) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) बमोजिम विधेयक समितिले मस्यौदा तयार गरी सरोकारवालाहरू सँग छलफल गरी छलफलबाट आएका सुझावलाई समेत समावेश गरी तयार गरिएको नगर शिक्षा ऐन २०७६, लाई विधेक समितिका संयोजक श्री पवन कुमार थारूले कार्यपालिका बैठकमा पेश गरेको बुद्धभूमि नगरपालिकाको शिक्षा ऐन २०७६, माथि छलफल भै स्वीकृतिको लागि आगामी २०७६।९।२७ गते बस्ने छैठौं नगर सभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : समपुरक कोष सम्बन्धमा।**

**निर्णय :** नेपाल सरकार अर्थ मन्त्रालय (अन्तर सरकारी वित्त व्यवस्थापन महाशाखा) बाट समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ बमोजिम आ.व. २०७६।०७७ को लागि यस बुद्धभूमि नगरपालिकाले माग गरी पठाएको आयोजनाहरू अर्थ मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०७६।०८।२६ को निर्णयानुसार देहाय बमोजिम रहेको हुँदा प्रचलित ऐन, नियम र कार्यविधि बमोजिम मार्गदर्शनको अधिनमा रही आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउन भनी निर्णय गरियो।

**आयोजनाको विवरण:**

| सि.नं. | आयोजनाको नाम | कुल लागत | न.पा. को लागत | अनुदान प्राप्त |
|---|---|---|---|---|
| १ | फच्कैया गाउँको सडक कालोपत्रे /पि.सी.सी. | १,००,००,०००।- | ६०,००,०००।- | ४०,००,०००।- |
| २ | सुर्यपुरा - अमहवा - डुमरी - इमिलिया सडक कालोपत्रे निर्माण | २,००,००,०००।- | १,२०,००,०००।- | ८०,००,०००।- |
| ३ | घन्चौरा भगुचोक देखि दुबिया गोरखपुरे डाँडा सम्म सडक कालोपत्रे निर्माण | १,००,००,०००।- | ६०,००,०००।- | ४०,००,०००।- |
| | जम्मा | ४,००,००,०००।- | २,४०,००,०००।- | १,६०,००,०००।- |

**प्रस्ताव नं. ३ आ.ब. २०७७।०७८ को लागि समपुरक तथा विशेष अनुदान कार्यक्रम माग सम्बन्धमा।**

**निर्णय :** नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट मिति २०७६।०९।०२ मा आ.ब. २०७७।०७८ का लागि स्थानीय तहमा समपुरक तथा विशेष अनुदान माग गर्न आयोजना तथा कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धी सूचना प्रकाशित भएकोले सोही सूचनाबाट माग गरिए बमोजिम तथा तोकिएका प्रस्ताव सम्बन्धी शर्तहरूको अधिनमा रही समपुरक तथा विशेष अनुदान तर्फका निम्न आयोजना तथा कार्यक्रमहरूको प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

## आयोजनाको विवरण समपुरक तर्फः

| सि.नं. | आयोजनाको नाम | आयोजनाको अवधि | कुल लागत | न.पा. को लागत | अनुदान माग गरिएको रकम |
|---|---|---|---|---|---|
| १ | भेलाई - पुरैना - गोरूसिगें - बकडरिया गाउँ सम्म कालो पत्रे सडक निर्माण | १ | ४,००,००,०००।- | २,००,००,०००।- | २,००,००,०००।- |
| २ | प्रेमनगर - अलिनगर - चेतरदेही सडक निर्माण तथा कालोपत्रे | १ | ४,००,००,०००।- | २,००,००,०००।- | २,००,००,०००।- |

## विशेष अनुदान आयोजनाको विवरणः

| सि.नं. | आयोजनाको नाम | अनुदान माग गरिएको रकम |
|---|---|---|
| १ | गरिब, विपन्न अल्प संख्यक तथा पिछाडिएका जनताहरूको उत्थानका लागि सुरक्षित आवास कार्यक्रम (जस्ता पाता खरिद तथा वितरण) | ३,००,००,०००।- |

**प्रस्ताव नं. ४ : विशेष अनुदान आयोजना स्वीकृत सम्बन्धमा ।**

**निर्णय** : प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ बुटवल च.नं. ७६४ / ०७६।०७७ मिति २०७६।०९।१५ को पत्र बमोजिम चालु आ.ब. २०७६।०७७ को लागि यस नगरपालिकाबाट माग भए बमोजिम विशेष अनुदान तर्फका प्रस्तावित आयोजना मा. मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीस्तरको मिति २०७६।०९।१५ को निर्णयानुसार स्वीकृत गरिएको हुँदा प्रचलित ऐन, नियम र कार्यविधि बमोजिमको मार्गदर्शनको अधिनमा रही आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउन भनी निर्णय गरियो ।

## आयोजनाको विवरणः

## विशेष अनुदान आयोजनाको विवरणः

| सि.नं. | आयोजनाको नाम | अनुदान प्राप्त रकम |
|---|---|---|
| १ | गरिब, विपन्न अल्प संख्यक तथा पिछाडिएका जनताहरूको उत्थानका लागि सुरक्षित आवाक कार्यक्रम (जस्ता पाता खरिद तथा वितरण) | ६९,९९,०००।- |

**प्रस्ताव नं. ५ : आर्थिक ऐन, २०७६ संशोधन सम्बन्धमा ।**

i. **नदीजन्य पदार्थ चोरी गरी निकासी गर्दाको दण्ड जरिवाना र घाटगद्दीको दररेट सम्बन्धमा ।**

निर्णय नं. : नदीजन्य पदार्थको ठेक्का लिने ठेकेदारले राजश्व असुल गर्दा समय उल्लेख नगरि रसिद काटेमा वा प्रमाणित नगरेको रसिदबाट कर उठाएमा वा प्रमाणित नगरेको रसिद ठेली प्रयोग गरेमा वा संकलन गर्नु पूर्व लगाईएको रेखाँकन नष्ट गरेमा वा तोकिएकको मापदण्ड विपरितका शर्त उलंघन गरेको पाईएमा पहिलो पटक रु.१००००।-, पुन: दोहोरिएमा पटकै पिच्छे रू.१५,०००।- जरिवाना र पटक पटक गरि रहेमा धरौटी जफत गरि ठेक्का तोड्नको लागि छैठौ नगरसभामा स्वीकृतको लागि सिफारिस गर्ने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धी, कपिलवस्तु
२०७२

ii. **घाटगद्दीको दररेट सम्बन्धमा ।**

निर्णय नं. : यस बुद्धभूमि नगरपालिकाले ठेक्कामा लगाएका /लगाउने नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री वितरणको लागि प्रदेश नं. ५ को नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, बमोजिम घाटगद्दी गरी विक्री वितरण गर्नुपर्ने प्रावधान रहेको तर घाटगद्दी गर्ने दररेट नतोकिएको हुँदा यस कार्यालयका प्राविधिकले तयार गरेको लागत अनुमान अनुसार घाटगद्दीको दररेट प्रति घनमिटर रू. ९।८६ पैसा कायम गर्न छैठौ नगरसभामा स्वीकृतको लागि सिफारिस गर्ने निर्णय गरियो ।

iii. **आर्थिक ऐन, २०७६ मा उल्लेख नभएका अविलम्ब शुल्कको जरिवाना सम्बन्धमा ।**

निर्णय नं. : आर्थिक ऐन २०७६, मा उल्लेख नभएको विषयको अविलम्ब शुल्क लिदाँ भुक्तानी गर्ने रकमको १०% लिने । विषय नखुलेको क्षेत्रको व्यवसायमा आर्थिक ऐनमा उल्लेख भएको मिल्दोजुल्दो उद्योग/व्यवसाय/फर्मको बार्षिक कर/दस्तुरमा सो को प्रकृति हेरी थप रू. १०० देखि १०००।- लिने, व्यापार व्यवसाय फर्महरूको प्रतिलिपी (पञ्जीकरण बाहेक) दस्तुर बापत रू. ५००।- लिन छैठौ नगरसभामा स्वीकृतको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : अन्तिम लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको आ.ब. २०७५/०७६ को विनियोजन कारोबारको अन्तिम लेखा परिक्षण प्रतिवेदन प्राप्त भयो र प्रतिवेदन प्राप्त भै छलफल हुँदा प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा पुष्ट्याई समेतको आवश्यक कागजात प्रमाणहरू संलग्न गरी प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३१(१) बमोजिम ३५ दिनभित्र फछ्यौट गरी सम्परीक्षण गराउन आर्थिक प्रशासन शाखालाई जानकारी गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : गत आ.ब. मा संघीय सरकारबाट शिक्षण सिकाई अनुदानमा कार्यरत शिक्षकहरूको पारिश्रमिक सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिका अन्तर्गत रहेका आदर्श आ. वि. वडा नं. ४ भैरमपुर, जानकी आ. वि. वडा नं. ८ परसुरामपुर, जनज्योति आ. वि. वडा नं. ९ मधुनगरा, पिपलडाँडा आ. वि. वडा नं. ९ अस्नहरा, नवजागरण आ. वि. वडा नं. ९ भरिया, मा गत आर्थिक बर्ष (२०७५।०७६) मा नेपाल सरकार शिक्षा तर्फको शिक्षण सिकाइ अनुदानबाट नियुक्त भै शिक्षकहरू कार्यरत रहेको हुँदा हाल उक्त शिक्षण सिकाई अनुदान नेपाल सरकारबाट प्राप्त नभएको हुँदा बाँकी अवधि ६ महिनाको लागि चालु तथा प्रशासनिक खर्चको करार कर्मचारीको तलब शिर्षकबाट रू. २,४०,०००।-(दुईलाख चालिस हजार ) व्यवस्था मिलाई शिक्षण अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : इट्टा उद्योग दर्ता नवीकरण सिफारिस सम्बन्धमा ।**

**निर्णय :** घरेलु तथा साना उद्योग कार्यालयको च.नं. २२८९ मिति २०७६।७।१५ को पत्र एवं उद्योग वाणिज्यको परिपत्र अनुसार इट्टा उद्योगको दर्ता, नवीकरण गर्दा स्थानीय तहको कार्यपालिकाको बैठकको निर्णयबाट भएको सिफारिस प्रयोग गरी गर्ने भनिएकोमा इट्टा उद्योगको दर्ता नवीकरणको लागि मात्र पटक पटक कार्यपालिकाको बैठक बसी रहन नसक्ने हुँदा उक्त उद्योग व्यवसायीको समस्यालाई मध्यनजर गरी काम छिटो छरितो गर्नको लागि उद्योगले नगरपालिकालाई तिर्नुपर्ने राजश्व तिरेको भरपाई प्राप्त भएमा त्यस्ता उद्योगको दर्ता नवीकरण सिफारिस गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. ९ : नेपाली सेनाको हेलिप्याडको लागि रकम माग सम्बन्धम ।**

**निर्णय :** नेपाल सरकार रक्षा मन्त्रालय नेपाली सेना मध्य पश्चिम पृतना हेड क्वाटर योगीकुटी, बुटवलको प.स. १५६८३/जी.३/फुटकर/०७६/०७७/१२५ मिति २०७६।०९।१८ गतेको पत्रानुसार हेलीप्याडसम्म जाने मूख्य सडक र सहायक बाटो निर्माणको लागि रू. ४,००,०००।- (चार लाख मात्र) माग गरेकोमा उक्त रकम अनुदान स्वरूप मध्य पश्चिम पृतना हेड क्वाटर योगीकुटी, बुटवललाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : सेवा करारमा कार्यरत कर्मचारीहरूको म्याद थप सम्बन्धमा ।**

**निर्णय :** सेवा करारमा कार्यरत कर्मचारीहरूको सेवा करार सम्झौता २०७६ पुस मसान्त भित्र समाप्त हुने भएको हुँदा यस नगरपालिका र मातहतका वडा कार्यालयमा कामको आवश्यकतालाई मध्ये नजर राखी २०७७ असार मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : आ.ब. २०७६/०७७ का लागि चालु तथा प्रशासनिक खर्च शिर्षकहरूको पुष्ट्याई सहित निर्णय संशोधन सम्बन्धमा ।**

**निर्णय :** यस नगरपालिकाको पाँचौ नगरसभाबाट वडाहरूमा कार्यरत सामाजिक परिचालकहरूलाई आ.ब. २०७६।०७७ बाँकी अवधि माघदेखि दैनिक रू. ६१५।- का दरले रूजु हाजिरको आधारमा पारिश्रमिक उपलब्ध गराउन निर्णय नं. १२ पाँचौ नगरसभाको पुष्ट्याईलाई संशोधन गरी छैठौं नगर सभामा स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : सामुदायिक विद्यालयमा सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिका सदस्य मनोनयन सम्बन्धमा ।**

**निर्णय :** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री उपलब्ध गराई उनीहरूको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाडने समस्या समाधान गर्न सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ परिच्छेद-५ को १४ बमोजिम समन्वय, सहजीकरण र अनुगमन गर्न नगरस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको सदस्यमा निम्न व्यक्तिहरूलाई तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल:

१. कार्यपालिका महिला सदस्यहरू मध्ये श्री खिमकला पाण्डे
२. विद्यालयका सर्म्पक व्यक्ति मध्येबाट: श्री सिद्धार्थ स्मारक मा.वि. भेलाई शिक्षिका राधा पौडेल
३. विद्यालयका सर्म्पक व्यक्ति मध्येबाट: श्री सुर्योदय आधारभुत विद्यालय पक्रेहटी शिक्षिका अम्बिका पाण्डे

**प्रस्ताव नं. १३ : खानेपानी, सरसफाई तथा स्वच्छता (वास) कार्यक्रम र बजेट व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय :** खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चितता गर्ने उद्देश्य रहेकोले खानेपानी, सरसफाई तथा स्वच्छता (वास) योजना तर्जुमा गरी खानेपानी, सरसफाई तथा स्वच्छताका क्रियाकलाप कार्यान्वयन गराउन खानेपानी, सरसफाई तथा स्वच्छता नगर समिति र वडा समिति गठन गरी प्रदेश नं. ५ प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५, को दफा २ बमोजिम प्रदेश सरकारको कार्यविधि बमोजिम गर्नको लागि खानेपानी व्यवस्थापन शिर्षकबाट रू. ५,००,०००।- (पाँच लाख) खर्च गर्ने निर्णय गरियो ।

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुद्धी, कपिलवस्तु
२०७३

**प्रस्ताव नं. १४ : कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको दरबन्दी तेरिजमा रहेका स्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीहरूको लागि उपलब्ध गराइएको प्रोत्साहन भत्ता यही २०७६ माघदेखि कृषि, पुश तर्फका कर्मचारीहरूलाई समेत उपलब्ध गराउन छैठौं नगरसभाबाट स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ : घर भाडा सम्बन्धमा ।**

**निर्णय :** कार्यालय प्रयोजनको लागि यस बुद्धभूमि नगरपालिकाले घरहरूको भाडा भुक्तानीको लागि रकम अपुग भएको तथा बुद्धभूमि नगरपालिका वडा नं. २ मा लिएको घरको भाडा २०७६ जेष्ठ र असार महिनाको घर भाडा उक्त घरका घरधनीले उक्त आ.ब. मा भुक्तानी माग गर्न नआएको कारण छुट भएकोले उक्त २ महिनाको घर भाडा श्री हिरादेवी घिमिरे लाई रू. १५,०००।- उपलब्ध गराउन छैठौं नगरसभाबाट स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : कार्यालय सहयोगीको तलब सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको वडा नं. १० को वडा कार्यालयमा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगी प्रदेशनी थारूले २०७६ जेष्ठ र असार महिनाको पारिश्रमिक माग गर्न छुट भएको कारणले उक्त २ महिनाको पारिश्रमिक रू. २६,७८०।- उपलब्ध गराउन छैठौ नगरसभाबाट स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ : जनप्रतिनिधिहरूको सञ्चार सुविधा तथा कर्मचारीहरूको खाजा तथा सञ्चार सुविधा भुक्तानी सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको आ.ब. २०७६/०७७ का लागि चालु तथा प्रशासनिक खर्च शिर्षकहरूको पुष्ट्याई सहित निर्णयको बुदाँ नं. ४ र ५ मा व्यवस्था भएको सञ्चार तथा खाजा सुविधा एकमुष्ट सम्बन्धित प्रतिनिधि/कर्मचारीहरूको बैंक खातामा उपलब्ध गराउन छैठौं नगरसभाबाट स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८: बजेट कार्यक्रम संशोधन सम्बन्धमा ।**

**निर्णय :** यस बुद्धभूमि नगरपालिकाको पाँचौ नगरसभाबाट समपुरक शिर्षक रहेकोमा रू. ३ करोड विनियोजन गरिएकोमा उक्त शिर्षकबाट रू. १,४०,००,०००।- (एक करोड चालिस लाख) मात्र खर्च भै बाँकी रहेको रकम मध्ये निम्न शिर्षक वा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नको लागि छैठौं नगरसभामा स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. लागत सहभागिता कार्यक्रम (५०/५०) | रू. ८० लाख |
| २. प्रेमनगर - अलिनगर - चेतरदेही सडक खण्ड | रू. १० लाख |
| ३. सिचाई तर्फ: पुरैना सिचाई | रू. ५ लाख |
| बसन्तपुर सिचाई | रू. १० लाख |
| मोतिनगर + देउपुरा सिचाई | रू. १० लाख |
| ४. बालबालिका सँग मेयर कार्यक्रम | रू. २ लाख |
| ५. क्षमता विकास तालिम वा गोष्ठी | रू. ५ लाख |
| ६. मर्मत संम्भार | रू. १३ लाख |
| ७. न.पा.को प्रशासनिक भवन निर्माण | रू. २५ लाख |
| जम्मा | १,६०,००,०००।- |

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

**प्रस्ताव नं. १९ : विद्यालयको २ कोठे भवन निर्माण सम्बन्धमा।**

**निर्णय**: आ.ब. २०७६।०७७ को बार्षिक कार्यक्रम अनुसार शिक्षा तर्फ सशर्त अनुदानको क्रियाकलाप नं. ११.१.२.१ को विद्यालय भौतिक पूर्वाधर निमार्ण अनुदान तर्फ २ कोठे भवन निर्माणका लागि प्रति विद्यालय रू. १६ लाख सर्शत अनुदानको रूपमा प्राप्त भएकोमा त्यस्ता विद्यालयहरू ७ वटा छनौट समेत भएको र मिति २०७६।०८।१९ को कार्यपालिकाको बैठकबाट उक्त कार्यक्रम टेण्डर प्रकृयाबाट सञ्चालन गर्ने निर्णय भएता पनि प्राविधिकको राय परामर्श बुझ्दा विद्यालयहरू अपुरो अधुरो रहने हुँदा थप बजेटको समेत व्यवस्था नभएकोले सम्बन्धी विद्यालयहरूले थप बजेट व्यवस्थापन गरी भवन सम्पन्न गर्न इच्छा देखाएको हुँदा त्यस्ता प्रकृतिका योजनाहरूलाई उपभोक्ता समिति गठन गरी काम अगाडी बढाउने भनी निर्णय गरियो।

**प्रस्ताव नं. २० : 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा।**

**निर्णय**: घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को नियम २ उपनियम (२) बमोजिम इजाजत पत्र पाउनको लागि पेश भई आएका दरखास्त उपर अनुसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा जाँच बुझको लागि कार्यालयको तर्फबाट मिति २०७६ मंसिर २५ गते गठन भएको जाँचबुझ समितिको बैठकको निर्णयबाट सोही कार्यविधिको नियम २ को उपनियम ३ र ४ अनुसार इजाजत पत्र जारी गर्न मनासिब देखि स्वीकृतको लागि निर्णायर्थ पेश भएको हुँदा स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २१ : 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ संसोधन सम्बन्धमा।**

**निर्णय**:

| क्र.स. | भएको | हुनुपर्ने |
|---|---|---|
| १ | उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र वा भाडा (लिज) मा लिएको उपकरणहरूको कागजातहरूको साथै बीमा गरेको कागजातहरू पेश गर्नु पर्नेछ। तर ख, ग, घ र ङ मा उल्लेखित मेशिनरी सामानको बिमा आवश्यक पर्ने छैन। | उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र वा भाडा (लिज) मा लिएको उपकरणहरूको कागजातहरूको साथै बीमा गरेको कागजातहरू पेश गर्नु पर्नेछ। तर ख, ग, घ र ङ मा उल्लेखित मेशिनरी सामानको आफ्नो स्वामित्वको प्रमाण या सक्कल बिल आवश्यक पर्ने र त्यस्ता सामानको बिमा आवश्यक पर्ने छैन। |

**प्रस्ताव नं. २२ : निर्णय संशोधन सम्बन्धमा।**

**निर्णय**: मिति २०७६।०६।१२ गतेको कार्यपालिकाको 'घ' वर्गको निर्माण व्यवसायीको इजाजत पत्रको नामसारी, ठाउँसारी गर्दा अपनाउनु पर्ने प्रक्रिया व्यवहारिक नदेखिएकोले उक्त निर्णय निस्कृय गरी सोको सट्टामा 'घ' वर्गको निर्माण व्यवसायीको इजाजत पत्र तथा नामसारी र ठाउँसारी गर्दा घरेलु तथा साना उद्योग कार्यालयको पत्र, आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र तथा यस कार्यालयको इजाजत पत्र नवीकरण दस्तुर तिरेको कागजातको आधारमा निम्न बमोजिम शुल्क लिई नामसारी को लागि रू.२०००।- , ठाउँसारी को लागि रू. ३०००।- लिने निर्णय गरियो।